# राष्ट्रिय सूचना आयोगको

## विज्ञप्ति

नेपाल र भारतको राष्ट्रिय सूचना आयोगको कार्य प्रणाली, संगठन, संरचना, ऐन नियम, अनुभव, समस्या र चुनौतीको अध्ययन, अवलोकन गरी राष्ट्रिय सूचना आयोगका कर्मचारीहरुको क्षमता अभिबृद्धि गरी सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयन गर्ने गराउने सम्बन्धमा आयोगका सचिव श्री श्रीराम पन्तज्यूको नेतृत्वमा आयोगका उप सचिव र शाखा अधिकृत संलग्न ५ सदस्यीय टोलीले छिमेकी देश भारतको केन्द्रीय सूचना आयोग र पञ्जाव राज्यको सूचना आयोगको अध्ययन भ्रमण सम्पन्न गरेको छ। उक्त अध्ययन भ्रमण यहि ३ अक्टोवर २०१३ देखि १० अक्टोवर २०१३ सम्म भएको थियो। सो अवसरमा भारतीय सूचना आयोगका कार्य प्रणाली,सार्वजनिक निकायको भूमिका, गैरसरकारी संस्थाको भूमिका र सूचना लिने दिने सम्बन्धी तरिकाको समेत अध्ययन, अवलोकन गरिनुका साथै उक्त आयोगहरुका पदाधिकारीहरु एवं आयुक्तहरु र केही गैरसरकारी Activists संस्था र व्यक्तिहरुसंग अन्तरक्रिया गरी अनुभव आदान प्रदान गरिएको थियो।

उक्त अध्ययन भ्रमणमा देहायका विषयहरुमा व्यापक छलफल, अन्तरक्रिया एवं अनुभव आदान प्रदान भएको छ।

- भारतको सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनको बारे विस्तृत जानकारी प्राप्त भएको।
- केन्द्रीय सूचना आयोग र पञ्जाव राज्यको सूचना आयोगको कार्य प्रक्रियाको बारेमा सैद्धान्तिक तथा व्यवहारिक प्रावधानको बारेमा जानकारी प्राप्त भएको।
- नेपालको सूचनाको हकसम्बन्धी ऐन, नियमावलीको बारेमा एवं आयोगबाट अवलम्बन गरिएको नीति तथा कार्यक्रम, महत्वपूर्ण निर्णयहरु एवं जनचेतना जागृत गराउन गरिएका प्रयासहरुबारे भारतीय केन्द्रीय सूचना आयोग र पञ्जाव राज्यको सूचना आयोग विच विस्तृत छलफल एवं अनुभव आदान प्रदान गर्नुको साथै राम्रा अभ्यासहरुको जानकारी गराइयो।
- भारतमा सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनको अवस्था अत्यन्तै प्रभावकारी रहेको पाइयो।
- सूचनाको हकको बारेमा Public Awareness अत्यन्तै राम्रो रहेको पाइयो।
- Maximuim Information हरु Proactive Disclosure गर्ने गरिएको पाइयो।
- सबै Public Bodies मा PIO तोकिएको अवस्था रहेको।
- भारतको सबै राज्यहरुमा सूचना आयोगको उपस्थिति ऐनद्वारा नै व्यबस्थित गरिएको पाइयो।

- भारतको सूचनाको हकसम्बन्धी ऐन, २००५ मा व्यबस्था भएको सार्वजनिक निकायको परिभाषाको दायरा भन्दा नेपालको सूचनाको हकसम्बन्धी ऐनले परिभाषित गरेको सार्वजनिक निकायका परिभाषाको दायरा बृहत रहेको पाईयो ।
- नेपालको सूचनाको हकसम्बन्धी ऐनमा क्षतिपूर्ति भराउन सक्ने व्यबस्था तर्फ भारतीय सूचना आयोगबाट प्रशंसा गरिएको छ ।
- सूचना दिन इन्कार गर्ने पदाधिकारीलाई आयोगले कारवाही गर्नसक्ने प्रावधान भएको सम्बन्धमा पनि राज्य सूचना आयुक्त एवं केन्द्रीय सूचना आयोगका पदाधिकारीहरुबाट अभिरुची पूर्वक उत्सुकता प्रकट गर्नु भएको थियो ।

नेपाल र भारतका सूचनाको हकसम्बन्धी ऐनमा धेरै कुरा समान रहे पनि कार्यान्वयन स्तर फरक रहेको र केही माथि उल्लेखित व्यबस्था खासगरी सार्वजनिक निकायको व्यापक र विस्तृत परिभाषा र दण्डनिय प्रावधान, क्षतिपूर्ति भराउने लगायतको विषयमा अभिरुची पूर्वक जानकारी लिने कार्य भएको छ । नेपालमा पनि सबै सार्वजनिक निकायहरुमा सूचना अधिकारीको नियुक्ति र Pro-active Disclosoure नियमित गराउनु पर्ने र यो कार्य सहज रुपमा गर्न सकिने अध्ययन भ्रमणबाट जानकारी प्राप्त भएको छ ।

उल्लेखित भ्रमणबाट दुई देशका सूचना आयोगहरु विच भविष्यमा सूचनाको आदान प्रदान Exchange Visit, तालिम, गोष्ठि, सेमीनार, जनचेतना जागृत सम्बन्धमा भएका पहलमा अझ बढि सहयोगको आवश्यकता रहेको महसुस गरिएको र सहयोग कार्यक्रम संचालन गर्न र अनुभव आदान प्रदान गर्ने आवश्यकता रहेको देखिएको छ ।

०६०।६।१८

गौलोचन सैंजू

उप सचिव

राष्ट्रिय सूचना आयोग

कोटेश्वर, काठमाण्डौ ।